# नेपाल कम्युनिस्ट पार्टी

**(एकीकृत मार्क्सवादी–लेनिनवादी)**

# केन्द्रीय प्रचार विभाग

**धुम्बाराही, काठमाडौं**

पत्र संख्या .......                                                                                                    २० भदौ, २०७४३

## प्रेस वक्तव्य

स्थानीय तहको निर्वाचनअन्तर्गत आगामी २०७४ साल असोज २ गते प्रदेश नं. २ मा तेस्रो चरणमा निर्वाचन हुन गइरहेको सबैलाई विदितै छ । प्रदेश नं. २ का ८ जिल्लामा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका, ५९ गाउँपालिका र १२७१ वडामा जनप्रतिनिधि छान्नका लागि यो निर्वाचन हुन गइरहेको छ । प्रदेश नं. २ को निर्वाचन सबैका लागि चासो र प्रतीक्षाको विषय बनेको छ । हाम्रो पार्टी नेकपा (एमाले) प्रदेश नं. २ को निर्वाचनमा उत्साहका साथ मतदान गरी आफ्नो घर आँगनका जनप्रतिनिधिहरुको छनोट गर्न सम्पूर्ण मतदाताहरुमा हार्दिक आह्वान गर्दछ ।

पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा चुनिएका जनप्रतिनिधिहरुमध्ये नेकपा (एमाले)को चुनाव चिन्ह सूर्य चिन्हबाट ४५ प्रतिशतभन्दा बढी जनप्रतिनिधि निर्वाचित भएर नेकपा (एमाले) देशकै पहिलो पार्टी बनेको छ । यसैगरी दुवै चरणको निर्वाचनमा लोकप्रिय मतको आधारमा समेत हाम्रो पार्टीले उल्लेख्य सफलता हासिल गरेको छ । स्थानीय तहमा प्राप्त सिट संख्या र लोकप्रिय मतको आधारमा नेकपा (एमाले) नेपालको राष्ट्रिय राजनीतिमा नेतृत्वदायी र सबभन्दा शक्तिशाली पार्टीका रुपमा स्थापित भएको छ । आजको चुनौतिपूर्ण र घेराबन्दीको अवस्थामा सबैखाले बाधा, व्यवधान, अवरोध र नेकपा (एमाले)विरुद्ध गरिएका सबैखाले गठबन्धनका प्रतिकूलताहरुको सामना गर्दै हाम्रो पार्टीलाई मुलुकको सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित गर्न भूमिका खेल्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुलाई हामी हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछौं । साथै, असोज २ गते हुने प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनबाट समेत पार्टीले प्राप्त गरेको यो स्थान कायम राख्न साथ र सहयोग रहने विश्वाससमेत व्यक्त गर्दछौं । हामी घोषणा गर्दछौं- प्रदेश नं. २ मा समेत नेकपा (एमाले)ले प्रथम स्थान सुरक्षित गर्छ । र, प्रदेश नं. २ का आम मतदाताहरुलाई नेकपा (एमाले)को पक्षमा मतदान गरी मुलुकको राष्ट्रियता एकता, सामाजिक सद्भाव, स्थिर र बलियो लोकतान्त्रिक अभ्यास र समृद्धिको बाटोमा अघि बढ्न ठोस योगदान गर्नसमेत हामी हार्दिक आह्वान गर्दछौं ।

निर्वाचनको प्रचार-प्रसार तीव्र बनिरहेको पछिल्लो अवस्थामा सरकार र सत्तापक्षीय गठबन्धनबाट प्रदेश नं. २ का जनतालाई आतंकित गर्ने, मत प्रभावित गर्ने उद्देश्यले राज्यसत्ताको दुरुपयोग गर्ने रवैया बढ्दै गएकोप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सरकारी साधन स्रोतको दुरुपयोग र निर्वाचन आचारसंहिताको उल्लंघन गर्ने काममा स्वयम् सरकारका मन्त्रीहरु, सत्ताधारी गठबन्धनका नेताहरु सामेल भइरहेका समाचारहरु एकपछि अर्को आइरहेका छन् । हाम्रो पार्टी प्रदेश नं. २ मा शान्तिपूर्ण र भयरहित ढंगले मतदाताहरुले मदतान गर्न पाउने अधिकार सुनिश्चित गर्न तथा आचारसंहिताको कडाइका साथ पालना गराउन निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

लोकतन्त्रमा सबै राजनीतिक दल र उम्मेदवारहरुले आफ्नो विचार र आस्थाको आधारमा चुनावी अभियान सञ्चालन गर्न पाउनु अत्यन्तै न्यूनतम कुरा हो । पछिल्ला दिनहरुमा प्रदेश नं. २ का विभिन्न जिल्लामा नेकपा (एमाले)का कार्यक्रमहरु बिथोल्न खोज्ने, उम्मेदवारहरुलाई मतदाताबीच पुग्न अवरोध सिर्जना गर्ने, एमालेविरुद्ध कुप्रचार गर्नेजस्ता निन्दनीय क्रियाकलापहरु बढ्दै गएका छन् । नेकपा (एमाले) तराई/मधेसका जनताकै काखमा

जन्मिएको, उनीहरुकै माया-ममता र सहयोगमा हुर्किंदै यहाँसम्म आइपुगेको पार्टी हो । इतिहासका प्रत्येक अप्ठ्यारा कालखण्डमा तराई/मधेसका जनतासँग नेकपा (एमाले)ले प्रगाढ सम्बन्ध स्थापित गर्दै आएको छ । तराई/मधेसमा सामन्ती व्यवस्था, जातीय विभेद र लैंगिक विभेदविरुद्ध निरन्तर संघर्ष गर्दै सामाजिक न्याय र समानता स्थापित गर्न अनवरत रुपमा जनताको अगुवाई गर्दै आएको पार्टी नेकपा (एमाले) हो । यसक्रममा आम जनसमुदायबाट अपार समर्थनसमेत प्राप्त गर्दै आएको पार्टी नेकपा (एमाले) हो । अहिले पनि हाम्रो पार्टीका विरुद्ध फैलाइएका सबैखाले भ्रम तथा षड्यन्त्रहरुलाई चिर्दै नेकपा (एमाले)लाई लोकप्रिय पार्टीका रुपमा स्थापित गर्न तराई/मधेसका जनताहरु उत्साहका साथ हाम्रो पार्टीको चुनावी प्रचार अभियानमा जुटिरहेका छन् । पार्टीलाई अझै एकताबद्ध र सुदृढ गर्दै हाम्रो विरुद्धका सबै षड्यन्त्रहरुलाई परास्त गर्न र तराई/ मधेसमा साँचो लोकतन्त्र स्थापित गर्ने महाअभियानमा जुट्न हामी पार्टीका सबै नेता, कार्यकर्ता तथा आमजनसमुदायलाई हार्दिक आह्वान गर्दछौं । प्रदेश नं. २ मा हुन गइरहेको स्थानीय तहको चुनावका लागि शान्ति सुरक्षाको पूर्णतया ग्यारेन्टी गर्न र आम मतदातालाई भयरहित ढंगले मतदान गर्ने वातावरण सिर्जना गर्न हाम्रो पार्टी नेपाल सरकार, सम्बद्ध सुरक्षा निकाय र राष्ट्रसेवक कर्मचारीहरुको गम्भीर ध्यानाकर्षण गर्दछ ।

प्रदेश नं. २ का १ सय ३६ वटै तहका लागि हाम्रो पार्टीका तर्फबाट पार्टी सदस्यहरुको भावना, जनताको चाहना र पार्टी कमिटीहरुको सिफारिसका आधारमा उम्मेदवारहरु चयन गरिएका छन् । लोकतन्त्रप्रति प्रतिबद्ध, लामो राजनीतिक जीवन भएका, सामाजिक र नैतिक रुपले राम्रो प्रतिष्ठा भएका, जनतासँग घनिष्ठ सम्बन्ध स्थापित गर्नसक्ने र जनचाहनाअनुरुप स्थानीय तहमा नेतृत्व गर्नसक्ने योग्य तथा सक्षम व्यक्तिहरुलाई प्राथमिकताका साथ हाम्रो पार्टीले उम्मेदवारका रुपमा प्रस्तुत गरेको छ । यसरी तय गरिएका गाउँ तथा नगरका प्रमुख र उपप्रमुख/अध्यक्ष र उपाध्यक्षका उम्मेदवारको सूची यसैसाथ संलग्न छ । हाम्रो पार्टीका उम्मेद्वारहरुलाई आफ्नो अमूल्य मतदान गरी विजयी गराउन पार्टीका तर्फबाट हामी सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान र अपिल गर्दछौं ।

प्रदेश नं. २ को निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्न सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ । सही र तथ्यपरक समाचार सम्प्रेषण गर्दै यहाँहरुले आफ्नो ऐतिहासिक दायित्वलाई पूरा गर्नुहुनेछ भन्ने हाम्रो पार्टीको विश्वास रहिआएको छ ।

**योगेश भट्टराई**
**प्रमुख**

# स्थानीय तह निर्वाचन
# नेकपा (एमाले)का उम्मेदवारहरु
# प्रदेश नं. २

**१. महोत्तरी (१५)**

**बर्दिबास नगरपालिका**

प्रमुख : सुरेशबहादुर राउत, उपप्रमुख : कमला वाइवा तामाङ

**भंगाहा नगरपालिका**

प्रमुख : अरुणकुमार सिंह, उपप्रमुख : अनिता यादव

**लोहारपट्टी नगरपालिका**

प्रमुख : बदरुल हक कवारी, उपप्रमुख : शोभा झा

**मटिहानी नगरपालिका**

प्रमुख : मुजिम राइन, उपप्रमुख : गुलावदेवी मण्डल

**जलेश्वर नगरपालिका**

प्रमुख : माधव मण्डल, उपप्रमुख : रागिनी चौधरी

**गौशाला नगरपालिका**

प्रमुख : पदमप्रसाद उपाध्याय, उपप्रमुख : शान्तिदेवी सिंह दनुवार

**रामगोपालपुर नगरपालिका**

प्रमुख : रामदुलार साह, उपप्रमुख : रञ्जु पटेल

**औरही नगरपालिका**

प्रमुख : मोहन महतो, उपप्रमुख : सुमित्रादेवी यादव

**बलवा नगरपालिका**

प्रमुख : मन्सुर कवारी, उपप्रमुख : लालोदेवी मण्डल

**मण्डासिसवा कटैवा नगरपालिका**

प्रमुख : राजकिशोर साह, उपप्रमुख : चन्दुदेवी मण्डल

**पिपरा गाउँपालिका**

अध्यक्ष : विक्रम चौधरी, उपाध्यक्ष : रेखादेवी साह

**महोत्तरी गाउँपालिका**

अध्यक्ष : जितेन्द्र पासवान, उपाध्यक्ष : गोलसन खातुन

**सोनमा गाउँपालिका**

अध्यक्ष : रामदुलार यादव, उपाध्यक्ष : राजादेवी साह

**सम्सी गाउँपालिका**

अध्यक्ष : मिनाक्षीकुमारी साह, उपाध्यक्ष : शेष इद्रिस

**एकडारा गाउँपालिका**

अध्यक्ष : इलियास अन्सारी, उपाध्यक्ष : ममतादेवी मण्डल

**२. सर्लाही (२०)**

**मंलगवा नगरपालिका**

प्रमुख : देवेन्द्र राय यादव, उपप्रमुख : कसिरा खातुन

**इश्वरपुर नगरपालिका**

प्रमुख : मनोज देवकोटा, उपप्रमुख : एकावती चौधरी

**लालबन्दी नगरपालिका**

प्रमुख : मानबहादुर खडका, उपप्रमुख : शान्ति लामा

**हरिपुर नगरपालिका**

प्रमुख : जमरुद्दीन मन्सुर, उपप्रमुख : रेणुका काफ्ले

**बरहथवा नगरपालिका**

प्रमुख : कल्पना कटुवाल, उपप्रमुख : विष्णुकान्त महतो

**हरिऔन नगरपालिका**

प्रमुख : गणेश प्रसाई, उपप्रमुख : रेणुका पौडेल

**वागमती नगरपालिका**

प्रमुख : विष्णु पुलामी, उपप्रमुख : विभा नेपाल

**कविलासी नगरपालिका**

प्रमुख : फगुनी मण्डल, उपप्रमुख : गीतादेवी साह

**हरिपुर्वा नगरपालिका**

प्रमुख : जयप्रकाश यादव, उपप्रमुख : वन्दना साह

**बलरा नगरपालिका**

प्रमुख : उमेश सिंह, उपप्रमुख : सुनितादेवी सहनी

**बसबरिया गाउँपालिका**

अध्यक्ष : रुदल सहनी, उपाध्यक्ष : ...

**विष्णु गाउँपालिका**

अध्यक्ष : मुनिल हजारी, उपाध्यक्ष : ...

**कौडेना गाउँपालिका**

अध्यक्ष : लालबाबु साह सोनार, उपाध्यक्ष : ...

**चक्रघट्टा गाउँपालिका**

अध्यक्ष : उपेन्द्र यादव, उपाध्यक्ष : धनवतीदेवी पासवान

चन्द्रनगर गाउँपालिका

अध्यक्ष : लछेन्दर बिन मुखिया, उपाध्यक्ष : ...

*(ब्रम्हपुरी, पर्सा, गोडैता, रामनगर र धकोल गाउँपालिकाको निर्णय गर्न बाँकी ।)*

**३. सप्तरी (१८)**

**सप्तकोशी नगरपालिका**

प्रमुख : उत्तमकुमार गौतम, उपप्रमुख : आशा चौधरी

**कञ्चनरुप नगरपालिका**

प्रमुख : बसन्त मिश्र, उपप्रमुख : आम्रादेवी चौधरी

**बोदेवसाइन नगरपालिका**

प्रमुख : कमाल मोहमद, उपप्रमुख : तारादेवी झा

**हनुमाननगर कंकालनी नगरपालिका**

प्रमुख : सोभितलाल यादव, उपप्रमुख : अरुणा पैकरा

**राजविराज नगरपालिका**

प्रमुख : सुखराम यादव, उपप्रमुख : ममता चौधरी

**शम्भुनाथ नगरपालिका**

प्रमुख : जितेन्द्रप्रसाद गुप्ता, उपप्रमुख : शोभाकुमारी चौधरी

**डाक्नेश्वरी नगरपालिका**

प्रमुख : रामलखन मुखिया, उपप्रमुख : मिन्टु चौधरी

**खडक नगरपालिका**

प्रमुख : सत्रुघनप्रसाद साह, उपप्रमुख : राधा पासवान

**सुरुङ्गा नगरपालिका**

प्रमुख : रामनारायण चौधरी, उपप्रमुख : सविता साह

**तिरहुत गाउँपालिका**

अध्यक्ष : गफुर मियाँ, उपाध्यक्ष : अम्बिकाकुमारी यादव

**महादेवा गाउँपालिका**

अध्यक्ष : राजाराम यादव, उपाध्यक्ष : हिरादेवी शर्मा

**रुपनी गाउँपालिका**

अध्यक्ष : ..........., उपाध्यक्ष : सञ्जुकुमारी चौधरी

**विष्णुपुर गाउँपालिका**

अध्यक्ष : अशोककुमार यादव, उपाध्यक्ष : सोनितादेवी राम

**तिलाठी कोइलाडी गाउँपालिका**

अध्यक्ष : जागेश्वर झा, उपाध्यक्ष : रञ्जुदेवी मण्डल

**छिन्नमस्ता गाउँपालिका**

अध्यक्ष : जयप्रकाश ठाकुर, उपाध्यक्ष : अञ्जुदेवी यादव

**बेल्ही चपेना गाउँपालिका**

अध्यक्ष : ओमप्रकाश मण्डल, उपाध्यक्ष : आशादेवी यादव

**अग्निसाइर कृष्णासवरण गाउँपालिका**

अध्यक्ष : बद्रीनारायण चौधरी, उपाध्यक्ष : सैलेन्द्रीदेवी लेखी

**बलान त्रिहुल गाउँपालिका**

अध्यक्ष : अशोककुमार यादव, उपाध्यक्षः ...

**४. पर्सा (१४)**

**बीरगन्ज महानगरपालिका**

प्रमुख : बसरुद्दीन अन्सारी, उपप्रमुख : सोफिया आचार्य

**पोखरिया नगरपालिका**

प्रमुख : बृजेश चौहान, उपप्रमुख : मीना देवी

**बहुदरामाई नगरपालिका**

प्रमुख : प्रमोदप्रसाद कुशवाहा, उपप्रमुख : ...

**पर्सागढी नगरपालिका**

प्रमुख : ..., उपप्रमुख : ...

**ठोरी गाउँपालिका**

अध्यक्ष : लालबहादुर श्रेष्ठ, उपाध्यक्ष : गोकुलकुमारी रेग्मी

**जिराभवानी गाउँपालिका**

अध्यक्ष : रामप्रित महतो थारु, उपाध्यक्ष : उषादेवी थरुनी

**धोबनी गाउँपालिका**

अध्यक्ष : इस्लाम मियाँ तेली, उपाध्यक्ष : रामकलीदेवी कुर्मीन

**छिपहरमाइ गाउँपालिका**

अध्यक्ष : रन्जित गुप्ता, उपाध्यक्ष : आशादेवी यादव

**जगरनाथपुर गाउँपालिका**

अध्यक्ष : वासुदेव राम, उपाध्यक्ष : रवनी पाण्डे

**पटेर्वा सुगौली गाउँपालिका**

अध्यक्ष : हरिनारायण चौधरी, उपाध्यक्ष : सञ्जु चौधरी

**सखुवा प्रसौनी गाउँपालिका**

अध्यक्ष : निरराज गिरी, उपाध्यक्ष : केदारकुमारी विक

**पकाहा मैनपुर गाउँपालिका**

अध्यक्ष : मदन पासवान, उपाध्यक्ष : प्रमिलादेवी दास

**कालिका गाउँपालिका**

अध्यक्ष : कृष्णमोहन तिवारी, उपाध्यक्ष : ....

**बिन्दवासनी गाउँपालिका**

अध्यक्ष : गौरीशंकर साह, उपाध्यक्ष : रेणु चौरसिया

**५. बारा (१६)**

**कलैया उपहानगरपालिका**

प्रमुख : विनोद साह, उपप्रमुख : प्रतिमा यादव

**जितपुर-सिमरा उपमहानगरपालिका**

प्रमुख : कृष्ण पौडेल, उपप्रमुख : सरस्वती चौधरी

**सिम्रौनगढ नगरपालिका**

प्रमुख : गगनदेव कुशवाहा, उपप्रमुख : राजकुमारी यादव

**कोल्हवी नगरपालिका**

प्रमुख : भरतबहादुर भण्डारी, उपप्रमुख : सुनैना चौधरी

**निजगढ नगरपालिका**

प्रमुख : यमबहादुर खडका, उपप्रमुख : लीला खनाल

**महागढीमाई नगरपालिका**

प्रमुख : महानन्द यादव, उपप्रमुख : मिराकुमारी जैसवाल

**पचरौता नगरपालिका**

प्रमुख : लोकनाथ राय यादव, उपप्रमुख : नजमा खातुन

**आदर्श कोटवा गाउँपालिका**

अध्यक्ष : लालबाबु यादव, उपाध्यक्ष : उषादेवी कुशवाहा

**करैयामाई गाउँपालिका**

अध्यक्ष : मोतिलाल चौधरी, उपाध्यक्ष : सूर्यवती राम

**देवताल गाउँपालिका**

अध्यक्ष : विजय पाण्डे, उपाध्यक्ष : रिनाकुमारी राम

**परवानीपुर गाउँपालिका**

अध्यक्ष : रामक्षेत्री पटेल, उपाध्यक्ष : सुगन्धीदेवी

**प्रसौनी गाउँपालिका**

अध्यक्ष : प्रमोद गुप्ता, उपाध्यक्ष : सावित्री देवी

**फेटा गाउँपालिका**

अध्यक्ष : गुलाम अन्सारी, उपाध्यक्ष : सावित्री गिरी

**वारागढी गाउँपालिका**

अध्यक्ष : सीताराम चौधरी, उपाध्यक्ष : धनमाया चौधरी

**विश्रामपुर गाउँपालिका**

अध्यक्ष : धर्मदेव यादव, उपाध्यक्ष : राजमती यादव

**सुवर्ण गाउँपालिका**

अध्यक्ष : सत्यपाल यादव, उपाध्यक्ष : सयोदा खातुन

## ६. सिरहा (१७)

**लहान नगरपालिका**

प्रमुख : मुन्नी साह, उपप्रमुख : सरियार चौधरी

**गोलबजार नगरपालिका**

प्रमुख : श्याम श्रेष्ठ, उपप्रमुख : ...

**मिर्चैया नगरपालिका**

प्रमुख : प्रदीप महासेठ, उपप्रमुख : शोभा साह

**सिरहा नगरपालिका**

प्रमुख : डा. नवीन यादव, उपप्रमुख : डा नविता यादव

**कर्जन्हा नगरपालिका**

प्रमुख : रामदयाल महतो, उपप्रमुख : अन्जु राय

**सुखीपुर नगरपालिका**

प्रमुख : रामअवतार यादव, उपप्रमुख : रेणुदेवी साह

**कल्याणपुर नगरपालिका**

प्रमुख : रामपुकार साह, उपप्रमुख : चन्द्रकलादेवी यादव

**धनगढी नगरपालिका**

प्रमुख : ....., उपप्रमुख ....

**सखुवा नन्कारकट्टी गाउँपालिका**

अध्यक्ष : केदार यादव, उपाध्यक्ष : अमला यादव

**वरियारपट्टी गाउँपालिका**

अध्यक्ष : राम स्वगारथ यादव, उपाध्यक्ष : देवशरणदेवी यादव

**नवराजपुर गाउँपालिका**

अध्यक्ष : सुरेन्द्र यादव, उपाध्यक्ष : संगीतादेवी यादव

**लक्ष्मीपुर पतारी गाउँपालिका**

अध्यक्ष : देवनारायण साह, उपाध्यक्ष : गीता चौधरी

**अर्नमा गाउँपालिका**

अध्यक्ष : चन्देश्वर मण्डल, उपाध्यक्ष : रामकुमारी महतो

**विष्णुपुर गाउँपालिका**

अध्यक्ष : सत्यनारायण यादव, उपाध्यक्ष : ममताकुमारी सिंह

**नरहा गाउँपालिका**

अध्यक्ष : रामशरण यादव, उपाध्यक्ष : गुलावदेवी चौधरी

**औरही गाउँपालिका**

अध्यक्ष : सुवर्ण यादव, उपाध्यक्ष : आशादेवी यादव

**भगवानपुर गाउँपालिका**

अध्यक्ष : उग्रनारायण यादव, उपाध्यक्ष : विन्दादेवी यादव

**७. रौतहट (१८)**

**गौर नगरपालिका**

प्रमुख : शम्भु साह, उपप्रमुख : इन्दुकुमारी झा

**राजदेवी नगरपालिका**

प्रमुख : भिखारी यादव, उपप्रमुख : रुबीकुमारी महतो

**माधवनारायण नगरपालिका**

प्रमुख : रामनरेश यादव, उपप्रमुख : पुनम साह

**गढीमाई नगरपालिका**

प्रमुख : हरिनारायण यादव, उपप्रमुख : गजला साहिन

**गरुडा नगरपालिका**

प्रमुख : मोहम्मद कलिम उल्लाह, उपप्रमुख : पानपतिकुमारी सहनी

**बृन्दावन नगरपालिका**

प्रमुख : विनोदप्रसाद कुर्मी, उपप्रमुख : पार्वतीदेवी सहनी

**चन्द्रपुर नगरपालिका**

प्रमुख : बाबुराम दाहाल, उपप्रमुख : रामरति चौधरी

**गुजरा नगरपालिका**

प्रमुख : रामेश्वरीदेवी चौधरी, उपप्रमुख : इन्द्रिस सिद्धिकी

**कटहरिया नगरपालिका**

प्रमुख : योगेन्द्र साह, उपप्रमुख : सयलकुमारी देवी यादव

**देवाहीगोनाही नगरपालिका**

प्रमुख : धमेन्द्रप्रसाद पटेल, उपप्रमुख : सिकिलिया देवी यादव

**फतुवा विजयपुर नगरपालिका**

प्रमुख : बुधाई खाँ पैठान, उपप्रमुख : पवित्रा कार्की

**मौलापुर नगरपालिका**

प्रमुख : गगनदेव साह, उपप्रमुख : सुनितादेवी यादव

**बौधीमाई नगरपालिका**

प्रमुख : प्रदीप यादव, उपप्रमुख : इन्दु मिश्र

**राजपुर नगरपालिका**

प्रमुख : साह मोहम्मद, उपप्रमुख : लक्ष्मीदेवी साह

**इसनाथ नगरपालिका**

प्रमुख : सदरे आलम, उपप्रमुख : प्रभावतीदेवी साह

**परोहा नगरपालिका**

प्रमुख : ताराचन्द्रप्रसाद सिन्हा, उपप्रमुख : लुसरत जहाँ

**दुर्गाभगवती गाउँपालिका**

अध्यक्ष : वीरेन्द्र साह, उपाध्यक्ष : प्रमिलादेवी यादव

**यमुनामाई गाउँपालिका**

अध्यक्ष : मक्सुद आलम, उपाध्यक्ष : किरणदेवी साह

*(धनुषा जिल्लाका १८ र अरु विभिन्न जिल्लाको बाँकी उम्मेदवारहरु क्रमशः सार्वजनिक गरिनेछ ।)*